# महालक्ष्मी राजपत्र

महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्ड २) कमलपोखरी, आषाढ १३ , २०७५ साल (अतिरिक्ताङ्क १ (क)

# भाग-१

## महालक्ष्मी नगरपालिकामा सञ्चालित व्यापारिक फर्म नियमन गर्ने ऐन

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय तथा व्यापारिक फर्महरुको नियमन गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

महालक्ष्मी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम महालक्ष्मी नगरपालिकामा सञ्चालित व्यापारिक फर्म नियमन गर्ने ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन महालक्ष्मी नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “नगरपालिका” भन्नाले महालक्ष्मी नगरपालिका सम्झनु पर्छ ।

(ख) “नगरसभा” भन्नाले महालक्ष्मी नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ग) “प्रमुख” भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “आर्थिक विकास शाखा” भन्नाले महालक्ष्मी नगरपालिकाको आर्थिक विकास हेर्ने शाखा सम्झनु पर्छ ।

(च) “व्यापारिक फर्म" भन्नाले नगरपालिका क्षेत्रभित्र एकल, साझेदारी वा संस्थागत रुपमा सञ्चालित अधिकतम लागत पूजी एक करोडसम्म भएका वस्तु तथा सेवा

उत्पादन र विक्री वितरण गर्ने व्यापारिक फर्म सम्झनु पर्छ र सो शब्दले प्रा.लि र कम्पनी लिमिटेड समेतलाई जनाउनेछ ।

(छ) "वडा" भन्नाले महालक्ष्मी नगरपालिकाको वडा कार्यालय सम्झनु पर्छ ।

**परिच्छेद-२**

**दर्ता, अनुमती, नवीकरण, स्थानान्तरण, नामसारी र खारेजी**

**३. दर्ता नगरी व्यापारिक फर्म सञ्चालन गर्न नहुने:** यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिम दर्ता नगराई व्यापारिक फर्म सञ्चालन गर्न पाइने छैन ।

**४. दरखास्त दर्ता प्रक्रिया र दस्तुर :** (१) व्यापारिक फर्म दर्ता गराउँदा अनुसूची-१ को ढाँचा बमोजिम आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर तिरी देहायको विषय खुलाई यस नगरपालिकाको आर्थिक विकास शाखामा रीतपूर्वक निवेदन दिनु पर्नेछ ।

(क) फर्मको पूरा नाम ।

(ख) फर्मले कारोबार गर्ने मुख्य ठेगाना ।

(ग) साझेदारीमा सञ्चालन हुने भए साझेदारहरुको र संस्थागत रुपमा सञ्चालन हुने भए संस्थाको पूरा नाम, ठेगाना र अन्य विवरण ।

(घ) फर्मले काम गर्न चाहेको वस्तु वा सेवाको छोटकरी विवरण र फर्मको उद्देश्य ।

(२) निवेदनका साथ देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः–

(क) सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) वडा कार्यालयको सिफारिस पत्र ।

(ग) वहालमा भए बहाल सम्झौता पत्रको प्रतिलिपी।

(घ) आफ्नै घर/जग्गामा सञ्चालन भएको भए जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(ङ) कर तिरेको रसिद ।

**५. <u>अनुमति दिनु पर्ने</u>**: दफा ४ को उपदफा (१) बमोजिम रीतपूर्वक परेको निवेदन उपर स्थलगत छानविन गरी उपयुक्त देखिएमा अनुसूची-२ बमोजिम कबुलियतनामा गराई अनुसूची-३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले व्यापारिक फर्म सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

**६. <u>फर्म प्रमाणपत्रको अवधि र नवीकरण गर्ने तरिका</u>**: (१) यस ऐन बमोजिम दर्ता भएका व्यापारिक फर्मले आर्थिक वर्ष भुक्तानी भएको नब्बे दिनभित्र अनुसूची-४ वमोजिमको ढाँचामा फर्म नवीकरणको लागि निवेदन दिनु पर्नेछ । सो म्याद भित्र परेका निवेदनहरुउपर आर्थिक विकास शाखाले आवश्यक कागजात हेरी त्यस्तो फर्मको दर्ता लगतमा र दर्ता प्रमाणपत्रमा नवीकरणको व्यहोरा जनाइदिनु पर्नेछ ।

(२) व्यपारिक फर्म दर्ता गर्दा लाग्ने दस्तुर तथा जरिवाना र व्यापारिक फर्म दर्ता, नवीकरण, नामसारी र स्थानान्तरण गर्दा लाग्ने दस्तुर तथा जरिवाना आर्थिक ऐनमा उल्लेख भए वमोजिम हुनेछ ।

(३) व्यापारिक फर्मले फर्म नवीकरणका लागि देहायका कागजातहरु सहित निवेदन दिनु पर्नेछः–

(क) व्यवसाय दर्ताको सक्कल प्रमाण-पत्र ।

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा वा रसिद।

(ग) वडा कार्यालयको सिफारिस पत्र ।

(घ) स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपी

(ङ) घर वहाल कर तिरेको रसिद ।

(च) वहालमा भए बहाल सम्झौता पत्रको प्रतिलिपि ।

(छ) लेखापरीक्षण प्रतिवेदन ।

(४) कुनै पनि व्यापारिक फर्मले नवीकरण नगराई फर्म सञ्चालन गर्न पाउने छैन ।

**७. <u>नगरपालिकाले विवरण माग गर्न सक्ने:</u>** नगरपालिकाले यस नगरक्षेत्रभित्र सञ्चालित कुनै व्यापारिक फर्मसँग सम्बन्धित कुनै पनि विषयमा आवश्यकता अनुसार समय तोकी विवरण माग गर्न

सक्नेछ । त्यसरी माग गरेको विवरण फर्म सञ्चालकले तोकिएकै समयमा उपलब्ध गराउनु पर्नेछ ।

८. **<u>फर्म खारेज गर्न सक्ने:</u>** १) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएका फर्महरु कार्यपालिकाले खारेज गर्न सक्नेछः–

(क) व्यापार व्यवसायको लागि दर्ता भएको फर्मले लगातार पाँच वर्षसम्म नवीकरण नगरेमा,

(ख) फर्म खारेज गरी पाँऊ भनी सम्बन्धित व्यवसायीले निवेदन दिएमा,

(ग) दफा ७ बमोजिम नगरपालिकाले विवरण माग गर्दा सम्बन्धित फर्मले विवरण पेश नगरेमा,

(घ) दफा ४ को उपदफा (१) विपरीत कुनै कुरा ढाँट छल गरी व्यापारिक फर्म दर्ता गरेमा,

(ङ) फर्मले यस ऐन वा यो ऐन अन्तर्गत बनेको नियम र प्रचलित कानून विपरीत हुने गरी कुनै कार्य गरेमा,

(२) कुनै व्यापारिक फर्म खरेजी गर्ने निर्णय गर्नुभन्दा अघि त्यस्तो फर्मलाई सफाई पेस गर्ने मौका दिइनेछ । यसरी सफाईको मौका दिँदा के कति कारणले फर्म खारेज गर्नु पर्ने हो सो कुरा स्पष्ट रुपले किटिएको पत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरणको जवाफ सम्बन्धित फर्मले पैँतीस दिन भित्र नगरपलिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यापारिक फर्मले दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा दिइएको म्यादभित्र स्पष्टीकरणको जवाफ प्राप्त नभएमा त्यस्तो व्यापारिक फर्मको दर्ता खारेजीको प्रक्रिया अगाडि बढाइनेछ ।

९. **व्यापारिक फर्म खारेजी सम्बन्धी प्रक्रिया:** (१) फर्म सञ्चालकले व्यापारिक फर्म आफैंले खारेज गर्न चाहेमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहित फर्म सञ्चालक स्वयं उपस्थित भई अनुसूची-५ वमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ। सञ्चालक स्वयं उपस्थित हुन नसकेको खण्डमा निजको नजिकको हकवालालाई सञ्चालकको मञ्जुरीनामा, नाता प्रमाणपत्र तथा आवश्यक कागजातसहित उपस्थित हुन पठाउन सकिनेछ ।

(२) व्यापारिक फर्मको संचालकको मृत्यु भै फर्मको खारेज गर्नु पर्ने भएमा उक्त फर्म धनीको शेष पछिका नजिकका हकवाला वा अंशियारहरुले आपसी मञ्जुरीको कागजात, वडा कार्यालयको सिफारिस, सक्कल नागरिकताको प्रमाणपत्र, नाता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित निवेदन दिएमा सम्बन्धित सबैको सनाखत गराई माग बमोजिम खारेजी गरी दिन सकिनेछ। फर्मको खारेजीको लागि निवेदन दिने हकवाला वा अंशियार

बीच स्वामित्वमा विवाद देखिएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिने सूचना प्रकाशित गर्न लगाई कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालकले फर्म खारेजीको लागि निवेदन दिंदा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,
(ख) स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) अघिल्लो आ.व को कर तिरेको निस्सा,
(घ) वडा कार्यालयको सिफारिस ।
(ङ) खारेज हुने अघिल्लो दिनसम्मको कर चुक्ता गरेको निस्सा ।

१०. **व्यापारिक फर्मको नामसारी, स्थानान्तरण गर्ने प्रक्रिया र लाग्ने दस्तुर**: (१) यस ऐन बमोजिम दर्ता भएका व्यापारिक फर्महरु दर्ता, नवीकरण, नामसारी र स्थानान्तरण गराउनु परेमा व्यक्ति स्वयं उपस्थित भई आर्थिक ऐनमा तोकिएको दस्तुर बुझाई तपसिलका कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(क) फर्मको सक्कल प्रमाण पत्र,
(ख) आयकर प्रमाणपत्रको प्रतिलिपि,
(ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो तीन प्रति,
(घ) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा,

(ङ) वडा कार्यालयको सिफारिस,

(च) वहालमा भए बहाल सम्झौता पत्रको प्रतिलिपि,

(छ) आफ्नै घरमा सञ्चालन भएको भए जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।

(२) सञ्चालकले आफ्नो व्यवसायको कारोवार थपघट गर्नु परेमा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(३) सञ्चालकले आफ्नो व्यापारिक फर्म यस नगर क्षेत्रभित्र वा अन्यत्र स्थानान्तरण गर्न चाहेमा देहायको प्रक्रिया पूरा गरी तोकिएको दस्तुर तिरी स्थानान्तरण गर्न सक्नेछ ।

(क) फर्म प्रमाण-पत्रको प्रतिलिपि/नवीकरण,

(ख) वडा कार्यालयको सिफारिस,

(ग) कर तिरेको रसिद ।

## परिच्छेद-३
## विविध

**११. अनुगमन र नियमन सम्बन्धी व्यवस्था:** यस ऐन अन्तर्गत दर्ता भएका व्यापारिक फर्महरुको नगरपालिकाले आवश्यकता अनुसार अनुगमन तथा नियमन गर्न सक्नेछ ।

**१२. वडाको सिफारिस:** वातावरण र मानव जीवनलाई असर पर्ने प्रकृतिका वस्तु तथा सेवा उत्पादन गर्ने फर्म दर्ता गर्दा सम्बन्धित वडा कार्यालयले त्यस्तो वस्तु तथा सेवा उत्पादनबाट वरपरका व्यक्तिहरुलाई असर गर्ने, नगर्ने सम्बन्धमा स्थलगत

निरीक्षण गरी सर्जमिन मुचुल्का उपलब्ध गराउनु पर्नेछ। स्थलगत निरीक्षण गर्दा मानव जीवनलाई असर पर्ने देखिएमा वडाले सोही व्यहोरा सर्जमिनमा खुलाउनु पर्नेछ । मानव जीवनलाई असर पर्ने व्यहोरा सर्जमिनमा उल्लेख भइ आएमा त्यस्तो फर्म दर्ता गर्नु हुँदैन ।

**१३. समन्वय गर्न सकिने:** व्यपारिक फर्मलाई दर्ता प्रक्रियामा ल्याउन अन्य संस्था तथा व्यक्तिसँग समन्वय गरी काम गर्न सकिनेछ ।

**१४. नियम, निर्देशिका बनाउन सक्ने:** यस ऐनको अधीनमा रही नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

अनुसूची -१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>व्यापारिक फर्म रजिष्ट्रेशन गर्ने दरखास्त फारम</u>**

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
महालक्ष्मी नगरपालिकाको कार्यालय, ललितपुर ।

विषय: व्यापारिक फर्म दर्ता गर्ने बारे ।

महोदय,

तल लेखिए बमोजिमको व्यापार व्यवसाय गर्न निम्न लिखित नामको व्यापारिक फर्म मेरो/हाम्रो नाममा रजिष्ट्रेशन गराउन इच्छुक भएकोले रजिष्ट्रेशनको लागि आवश्यक कागजातहरु यसै साथ संलग्न गरी रु. १००।- को रसिद यसै साथ राखी यो निवेदन पेश गरेको छु ।

१. फर्मको पूरा नाम (नेपालीमा):-

२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा):-

३. फर्मको पूरा ठेगाना:- जिल्ला ................ न.पा ........ वडा नं ........ टोलको नाम ..................... ब्लक नं ............ फोन नं .....................

४. फर्ममा लगाउने पूँजी रु ..................... अक्षेरुपि ..............................

५. फर्मको उद्देश्य:- स्थानीय व्यापार ................. आयात/निर्यात

६. फर्मको कारोबार गर्ने मुख्य चीज वस्तु विवरण :- ...........................

७. सञ्चालकको पूरा नाम:-

स्थायी ठेगाना:- जिल्ला ................... न.पा .................... वडा नं ....... टोलको नाम .............. ब्लक नं ............ फोन नं .........

नगरिकता नं ................ जिल्ला ......... ना.प्र जारी मिति ......................

हालको ठेगाना :- जिल्ला............ न.पा .............. वडा नं

टोलको नाम ...................................... घर नं .............................

फोन नं ......................................

८. सञ्चालकको तिनपुस्ते नाम तथा ठेगाना :-

क) सञ्चालकको बाजेको नाम, ठेगाना :-

ख) सञ्चालकको बाबुको नाम,ठेगाना :-

ग) सञ्चालकको विवाहित महिला भए पतिको नाम, ठेगाना :-

९. फर्ममा लगाउने पूँजीको स्रोत:- ............................

उल्लेखित व्यहोरामा कुनै कुरा झुठा ठहेरमा कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक</u>

सञ्चालकको नाम:-

ठेगाना:-

लेखात्मक सही :-

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

## कबुलियतनामा

लिखितम् ..................... को नाति/नातिनी ................ को छोरा/छोरी ...................... बस्ने वर्ष ........................ को ..................... आगे ....................................... को नाममा व्यापारिक फर्म दर्ता गर्न मैले यस कार्यालयमा निवेदन दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानून र तपसिलका शर्त समेत पालना गरी काम गर्नेछु। सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनी महालक्ष्मी नगरपालिकाबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो । यसमा प्रचलित ऐन कानून र तपसिलमा लेखिएका शर्त उल्लंघन गरेको देखिएमा प्रचलित ऐन, कानून बोजिम सहुँला बुझाउँला भनी मेरो मनोमानी राजी खुशीसँग यो कबुलियतनामाको कागज लेखी महालक्ष्मी नगरपालिकाको कार्यालयमा चढाँए ।

## तपसिल

१. ......................................... नामको फर्म दर्ता हुनुभन्दा पहिले अरु कसैले यो फर्मको नामसँग मिल्ने गरी यो नगरभित्र फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरी अर्को नाम राखी फर्म दर्ता गर्न आउनेछु । सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वत: खारेज गरिए पछि कुनै दाबी गर्ने छैन ।

२. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरमा लेखी सोको तलतिर सुविधाको निमित्ति सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।
३. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ति गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।

दस्तखत :-
सञ्चालकको पूरा नाम :-
ठेगाना:-

इति सम्वत ........... साल ...... महिना ....... गते रोज .......... शुभम् ।

अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

महालक्ष्मी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, ललितपुर

व्यापारिक फर्म दर्ताको प्रमाण-पत्र

व्या.फ.द.नं

निम्न लिखित विवरण भएको ............................................. फर्मलाई सम्वत ................ .साल .................. महिना .......... गते ....... रोजमा महालक्ष्मी नगरपालिकाको व्यापारिक फर्म नियमन गर्ने ऐन, २०७५ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

**विवरण**

सञ्चालकको नाम, थर, वतन ........................................

हालको ठेगाना ..........................................................

सञ्चालकको नागरिकता नं ........................................

फर्मको ठेगाना ..........................................................

लागत पूजी रु ..........................................................

फर्मको उद्देश्य ..........................................................

फर्मको शाखा ..........................................................

फर्मको प्रकृति ..........................................................

नोट :-

(१) यो प्रमाणपत्रको म्याद फर्म रजिष्टर गरिएको मितिले तीन वर्षसम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक वहाल रहने हुनाले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र अनिवार्य रुपमा नवीकरण गराइसक्नु पर्नेछ । नवीकरण भएको अवधि सम्बन्धी विवरण प्रमाणपत्रको पछाडि उल्लेख छ ।

(२) यो फर्मले कारोवार गर्ने मुख्य चिज वस्तुको विवरण नगरपालिकाले दर्ताका प्रमाणपत्रसँगै दिने छुट्टै पत्रमा उल्लेख छ ।

(३) यस फर्मको उद्देश्य कार्यान्वयन लागि अनुमति दिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नु पर्नेछ । यो दर्तालाई उद्देश्य कार्यान्वयन गर्ने अनुमति प्राप्त गरेको मानिने छैन ।

(४) सम्पत्ती शुद्धीकरण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम,निर्देशन, आदेश वा सम्बन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नु पर्नेछ ।

फर्मको छाप                                                            प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-४

(दफा ६ सँग सम्बन्धित)

**व्यापारिक फर्म नवीकरण गर्ने दरखास्त फाराम**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

महालक्ष्मी नगरपालिका, ललितपुर ।

विषय:- फर्म नवीकरण गर्ने बारे ।

उपयुक्त विषयमा त्यस कार्यालयमा रहेको दर्ता...............नं को ..................................................नाउँको व्यापारिक फर्म नवीकरण गराउनु पर्ने भएकोले नवीकरणको लागि आवश्यक निम्न कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । नियमानुसार उक्त फर्म नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

१. व्यवसाय दर्ताको सक्कल प्रमाणपत्र,

२. स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३. कर तिरेको निस्सा,

४. वडाको सिफारिस,

५. लेखा परीक्षण प्रमाण पत्र,

६. वहालमा भए बहाल सम्झौता पत्रको प्रतिलिपि।

७. अन्य (भएका उल्लेख गर्ने )

निवेदक

दस्तखत:-

नाम:-

ठेगान:-

फर्मको छाप:

अनुसुची- ५

(दफा ९ सँग सम्बन्धित)

**व्यापारिक फर्म खारेजीको लागि दिने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
महालक्ष्मी नगरपालिकाको कार्यालय, ललितपुर ।

**विषय :- फर्म खारेजी सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मेरो/हाम्रो नाममा नगरपालिकामा दर्ता भएको व्या.फ.द.नं ........................................... को नामको फर्म ............................. कारणले खारेज गरी पाउन रु १00।- को रसिद संलग्न गरी यो निवेदन दिएको छु । उक्त फर्मको नामबाट नेपाल सरकार र अन्य कुनै निकायमा कुनै राजस्व र अन्य रकम बुझाउन बाँकी छैन । कुनै किसिमको रकम वा राजश्व बुझाउन बाँकी देखिएमा पछि कुनै उजुर बाजुर नगरी सम्बन्धित निकायमा बुझाउन मेरो मन्जुरी छ । नियमानुसार लाग्ने दस्तुर लिई उक्त फर्म खारेज गरी पाउन अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

(१) व्यवसाय दर्ताको सक्कल प्रमाणपत्र

(२) आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि

(३) फर्म खारेजी हुने अघिल्लो दिनसम्मको कर तिरेको निस्सा

(४) लेखा परीक्षण प्रतिवेदन

(5) वहालमा भए बहाल सम्झौता पत्रको प्रतिलिपि।

(६) अन्य (भएमा उल्लेख गर्ने )

<u>निवेदक</u>

नाम :-

दस्तखत:-

फर्मको छाप :-

ठेगाना :-

| दायाँ | बायाँ |
|---|---|
| | |

**प्रमाणिकरण मिति : २०७५/३/१३**

**नगरकार्यपालिकाको तर्फबाट,**
**ध्रुव बहादुर खडका**
**महालक्ष्मी नगरकार्यपालिकाको सचिव**

महालक्ष्मी नगरकार्यपालिकामा मुद्रित । मूल्य रु. २०।-